सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

**फैसला**

०७८-WF-०००५

विषयः उत्प्रेषण परमादेश ।

जिल्ला उदयपुर, साविक कटारी गा.वि.स. वडा नं. ८ को हाल परिवर्तित कटारी न.पा. वडा नं. ५, लालपुर घर भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ४ बस्ने शिवहरी दाहाल ...........................................................................१

जिल्ला सिन्धुली, बाहुनतिल्पुङ गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित तिनपाटन गा.पा. वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला, किर्तिपुर न.पा. २ ढल्पा बस्ने सुदिप सापंकोटा...........................................................................१

जिल्ला बागलुङ, दगातुन्डाडा गा.वि.स. वडा नं. १ को परिवर्तित बडिगाड गा.पा. वडा नं.१ नेपाने घर भई हाल काठमाडौं जिल्ला, किर्तिपुर न.पा. १० बस्ने जमुना गिरी...........................................................................१ निवेदक

जिल्ला म्याग्दी, घतान गा.वि.स. वडा ९ को हाल परिवर्तित बेनी न.पा. वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा नं ६ सितापाइला बस्ने नवराज सुवेदी ...........................................................................१

जिल्ला संखुवासभा, चेपुवा वडा नं ३ को हाल परिवर्तित भोटखोला गा.पा. वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, किर्तिपुर न.पा. १० बस्ने घाङरी लामा ......१

जिल्ला गुल्मी, साविक घमिर गा.वि.स. वडा नं.४ को हाल परिवर्तित मालिका

गा.पा. वडा नं. ७, घमिर घर भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ बस्ने रामप्रसाद घिमिरे............................................................................१

जिल्ला पाँचथर, सुभाङ्ग गा.वि.स वडा नं. २ को हाल परिवर्तित हिलिहाङ गा.पा. वडा नं. ७ घर भई हाल जिल्ला झापा, कंकाई न.पा वडा नं ७ बस्ने देवेन्द्र सुवेदी ..........................................................................................१

जिल्ला कास्की, साविक धम्पुस गा.वि.स वडा नं. ५ को हाल परिवर्तित माछापुच्छ्रे गा.पा. वडा नं. ७ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा वडा नं २९ बस्ने चेत नारायण भण्डारी ..............................................................................१

जिल्ला रुपन्देही, साविक देवदह गा.वि.स वडा नं. १ को हाल परिवर्तित देवदह न.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा वडा नं १४, बल्खु बस्ने गौतम प्रसाद बुढामगर .......................................................................१

जिल्ला पाल्पा, साविक खानिछाप गा.वि.स वडा नं. ९ को हाल परिवर्तित बगनासकालि गा.पा. वडा नं. ४ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा वडा नं. ११ बस्ने भिमा न्यौपाने ......................................................................१

जिल्ला पर्वत, साविक भंगरा गा.वि.स वडा नं. १ को हाल परिवर्तित फलेवास न.पा. वडा नं. ९ घर भई हाल जिल्ला भक्तपुर, मध्यपुर ठिमी न.पा. वडा नं. ३ बस्ने रेखा कुमारी रिजाल ...................................................................१

जिल्ला प्युठान, साविक भिँगृ गा.वि.स वडा नं. ७ को हाल परिवर्तित स्वर्गद्वारी न.पा. वडा नं. ३ घर भई हाल का.जि.किर्तिपुर न.पा. १७ बस्ने नारायण प्रसाद खनाल ............................................................................................१

जिल्ला बझाङ, साविक देउलीकोट गा.वि.स वडा नं. ६ को हाल परिवर्तित बुङ्गल न.पा. वडा नं. ११ घर भई हाल जि.का., का.म.न.पा. वडा नं. ३२ बस्ने जगन्नाथ जोशी ...............................................................................१

जिल्ला गुल्मी, साविक मरभुङ् गा.वि.स वडा नं. ८ को हाल परिवर्तित मालिका गा.पा. वडा नं. ८ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. ३१ बस्ने

अर्जुन पौड्याल ..........................................................................................१
जिल्ला गुल्मी, साविक भनभने वडा नं. ५ को हाल परिवर्तित मदाने गा.पा. वडा नं. ७ घर भई हाल जि.का.किर्तिपुर न.पा. वडा नं. १० बस्ने कमल पन्थी ......१
जिल्ला गुल्मी, साविक बाँझकटेरी गा.वि.स वडा नं. २ को हाल परिवर्तित मदाने गा.पा. वडा नं. २ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा. वडा नं. १० बस्ने कमल प्रसाद भुसाल ....................................................................१
जिल्ला नुवाकोट, साविक दुईपिपल गा.वि.स वडा नं. ८ को हाल परिवर्तित बेलकोटगढी न.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं. ८ बस्ने रुपेश प्रसाद नेपाल ....................................................१
जिल्ला उदयपुर, साविक त्रियुगा न.पा. वडा नं. १४ को हाल परिवर्तित त्रियुगा न.पा. वडा नं. ८ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १०, नयाँबानेश्वर बस्ने भक्तराज निरौला ........................................................१
जिल्ला गुल्मी, साविक छापहिले गा.वि.स. वडा नं. १ को हाल परिवर्तित मालिका गा.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३१, शान्तिनगर बस्ने नरेश गिरी ....................................................................१
जिल्ला बारा, साविक कलैया न.पा. वडा नं. ३ को हाल परिवर्तित कलैया उ.म.न.पा. वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा. वडा नं. १०, टयाङ्लाफाँट बस्ने अनुपम पौडेल......................................................१
जिल्ला सुर्खेत, साविक दशरथपुर गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित लेकबेसी न.पा.वडा नं. ३ बस्ने चक्र बहादुर घर्ती................................................. १
जिल्ला सुर्खेत, दशथपुर गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित लेकबेसी न.पा. वडा नं. ३ बस्ने खिमा चपाईं ..............................................................१
जिल्ला स्याङ्जा, साविक दरौं गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित अर्जुन चौपारी गा.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा. वडा नं. १०, भाजंगल बस्ने सुबोध बाबु पौडेल ..................................................१

जिल्ला स्याङ्जा, साविक कृष्णगण्डकी गा.वि.स. वडा नं. ५ को हाल परिवर्तित कालिगण्डकी गा.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४, कलंकी बस्ने प्रतिमा न्यौपाने ........................................................१

जिल्ला दोलखा, साविक पवटी गा.बि.स. वडा नं. ४ को हाल परिबर्तित मेलुङ गा.पा.वडा नं. १ घर भई हाल जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, काँडाघारी बस्ने दिपेश उप्रेती खत्री ....................................................१

जिल्ला गुल्मी, साविक बस्तु गा.वि.स. वडा नं. ५ को हाल परिवर्तित धुरकोट गा.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, गोकणेश्वर न.पा. वडा नं. ८, बस्ने धुर्व भण्डारी ......................................................................१

जिल्ला भोजपुर, साविक देउराली गा.वि.स. वडा नं. ६ को हाल परिवर्तित षडानन्द न.पा. वडा नं. ११ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. ३१, नयाँबानेश्वर बस्ने प्रमिला दाहाल ..........................................................१

जिल्ला स्याङ्जा, साविक निबुवाखर्क गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित गल्याङ न.पा. वडा नं. ५ घर भई हाल जिल्ला ललितपुर, ल.पु. म.न.पा. वडा नं. ५, थसिखेल बस्ने ध्रुवराज भट्टराई ...........................................................१

जिल्ला इलाम, साविक आमचोक गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित फाकफोकथुम गा.पा. वडा नं. १ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा.वडा नं. १, नयाँबजार बस्ने महेन्द्र कुमार राई ....................................१

जिल्ला स्याङ्जा, साविक स्वरेक गा.वि.स. वडा नं. ६ को हाल परिवर्तित भिरकोट न.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. २५ बस्ने राजेन्द्र अर्याल ...................................................................................१

जिल्ला कंचनपुर, साविक पिपलाडि गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित शुक्लफाँटा-५ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा.वडा नं. १०, भाजंगल बस्ने बलराम पाण्डे ....................................................................१

जिल्ला ओखलढुङ्गा, साविक माम्खा गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित

चिशंखुगढी गा.पा. वडा नं. ८ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. १५ बस्ने सरोज कटवाल ........................................................................१

जिल्ला दाङ, तुलसीपुर उ.म.न.पा. वडा नं. १० घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३५ बस्ने कपिल किशोर डायमण्ड के.सी. ....................१

जिल्ला कंचनपुर, साविक दैजी गा.वि.स. वडा नं. २ को हाल परिवर्तित वेदकोट न.पा. वडा नं. ३ घर भई हाल जि.का.का.म.न.पा.वडा नं. ३१, बस्ने मान सिं धामी ................................................................................................१

पर्वत जिल्ला, साविक पाङ गा.वि.स.१ को परिवर्तित कुश्मा न.पा.-१ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७ बस्ने कुशल सुवेदी ..१

रुपन्देही जिल्ला साविक सौ.फर्साटिकर गा.वि.स.-३ को परिवर्तित शुद्दोधन गा.पा.-३ घर भई हाल काठमाडौं जिल्ला कीर्तिपुर न.पा.-२ बस्ने वावुराम घिमिरे .......१

झापा जिल्ला, साविक भद्रपुर न.पा. ११ को परिवर्तित भद्रपुर न.पा. ७ घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा.-२ बस्ने रोशन अधिकारी..............१

खोटाङ जिल्ला, साविक याम्खा गा.वि.स.-९ को परिवर्तित दिप्रुङ चुइचुम्मा गा.पा.-१ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका-१५ बस्ने उपेन्द्र राई...........................................................................................१

ललितपुर जिल्ला लामाटार गा.वि.स.-५ को परिवर्तित महालक्ष्मी न.पा.-९ बस्ने रमेश न्यौपाने ....................................................................................१

रामेछाप जिल्ला, साविक गुन्सी भदौरे गा.वि.स.-९ को परिवर्तित दोरम्बा गा.पा.-५ घर भई काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.-६ बस्ने बहादुर सिंह मोक्तान.........१

दाङ जिल्ला धनौरी गा.वि.स. २ को परिवर्तित तुलसीपुर उप म.न.पा. -६ घर भई भक्तपुर जिल्ला चाँगुनारायण न.पा. बस्ने वर्ष ३० को रोशन शर्मा .................१

दाङ जिल्ला, साविक घोराही न.पा.-२ को परिवर्तित घोराही उप म.न.पा.-१७ घर भई ललितपुर जिल्ला महालक्ष्मी न.पा.-५ बस्ने बासुदेव खनाल ....................१

ललितपुर जिल्ला, महालक्ष्मी न.पा.-८ घर भई जि.का.कीर्तिपुर न.पा.-४ बस्ने

अर्चना आचार्य...................................................................................................१
सल्यान जिल्ला साविक मर्मपरिकाँडा गा.वि.स.-४ को परिवर्तित कुमाख गा.पा.३ घर भई हाल जि.का. कीर्तिपुर न.पा.-११ बस्ने लक्ष्मण सिंह राठौर ................१
अर्घाखाँची जिल्ला, साविक बल्कोट गा.वि.स.-२ को परिवर्तित छत्रदेव गा.पा.-३ घर भई हाल काठमाडौं जिल्ला कीर्तिपुर न.पा.-९ बस्ने राजु पाण्डे ................१
पाल्पा जिल्ला, साविक छहरा गा.वि.स.-५ को परिवर्तित रैनादेवी छहरा गा.पा.-४ घर भई काठमाडौं जिल्ला चन्द्रागिरी न.पा.-११ बस्ने रबिन्द्र पोखरेल .............१
गुल्मी जिल्ला, साविक भनभने गा.वि.स.-५ को परिवर्तित रेसुङ्गा न.पा.-२ बस्ने योगेश पन्थी ........................................................................................१
अर्घाखाँची जिल्ला साविक भगवती गा.वि.स.-८ को परिवर्तित छत्रदेव गा.पा.-७ बस्ने नारायण प्रसाद पाण्डे.......................................................................१
कञ्चनपुर जिल्ला, साविक सुडा गा.वि.स.-५ को परिवर्तित बेदकोट न.पा.-९ घर भई भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.-३ बस्ने नवराज अवस्थी ..................१
गुल्मी जिल्ला, साविक वाग्ला गा.वि.स.७ को परिवर्तित धुर्कोट गा.पा.-७ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७ बस्ने रामजी घिमिरे...१
ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गा.वि.स.-१ को परिवर्तित मलुङ गा.पा.-२ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७ बस्ने सुदिप दाहाल....१
स्याङ्जा जिल्ला साविक मालुङ्गा गा.वि.स.-६ को परिवर्तित गल्याङ न.पा.-१ घर भई काठमाडौं जिल्ला नागार्जुन न.पा.-६ बस्ने टंकराज पाण्डेय ......................१
पर्वत जिल्ला साविक मुडिकुवा गा.वि.स.-८ को परिवर्तित फलेवास न.पा.-४ घर भई जि.का.का.म.न.पा वडा नं. २७ बस्ने कृष्णप्रसाद सापकोटा ....................१
जिल्ला अर्घाखाँची, साविक हंसपुर गा.वि.स.-७ को परिवर्तित मालारानी गा.पा.-७ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने जालन्धर भुसाल........१
जिल्ला नवलपरासी, साविक शिव मन्दिर गा.वि.स.-९ को परिवर्तित नवलपरासी वर्दघाट सुस्ता पूर्व जिल्ला, कावासोती न.पा.-४ घर भई हाल काठमाडौं जिल्ला

का.म.न.पा. बडा नं. १४ बस्ने राजु पाण्डे........................................................१

जिल्ला बझाङ, जयपृथ्वी न.पा.१० घर भई हाल कैलाली जिल्ला, धनगढी उप म.न.पा.-२ बस्ने सत्यकुमारी जोशी...............................................................१

स्याङ्जा जिल्ला, साविक कृष्णगण्डकी गा.वि.स.-५ को परिवर्तित कालीगण्डकी गा.पा.-६ घर भई काठमाडौं जिल्ला का.म.न.पा.-१० बस्ने अनन्तराज न्यौपाने...१

ललितपुर जिल्ला, साविक चापागाउँ गा.वि.स.-६ को परिवर्तित गोदावरी न.पा.-१० घर भई हाल ल.पु.जि.ल.पु.म.न.पा.-२८ बस्ने रिना लम्साल..........................१

गोरखा जिल्ला, साविक गोरखा न.पा.-९ को परिवर्तित गोरखा न.पा.-१० बस्ने चित्र बहादुर अधिकारी ........................................................................१

नवलपरासी जिल्ला, साविक देवचुली गा.वि.स.-८ को परिवर्तित देवचुली न.पा.-७ बस्ने आशिष भुर्तेल ...........................................................................१

दोलखा जिल्ला, साविक सहरे गा.वि.स.-२ को परिवर्तित तामाकोशी गा.पा.-५ बस्ने वर्ष ३१ को चुन बहादुर तामाङ ...........................................................१

बारा जिल्ला, ककडी गा.वि.स.-२ को परिवर्तित कोल्हवी न.पा.-५ बस्ने नविन चौधरी ....................................................................................................१

काभ्रे जिल्ला, साविक भिमखोरी गा.वि.स.-८ को परिवर्तित रोशी गा.पा.-१२ बस्ने बिजय मुक्तान ..........................................................................................१

दैलेख जिल्ला, साविक नेपा गा.वि.स.-१ को परिवर्तित दुल्लु न.पा.-४ बस्ने उदयराज उपाध्याय ......................................................................................१

सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स.-२ को परिवर्तित बराह न.पा.-६ बस्ने वर्ष २९ को महेश निरौला ......................................................................................१

तेह्रथुम जिल्ला, साविक चुहानडाँडा गा.वि.स.-४ को परिवर्तित आठराई गा.पा.-६ घर भई काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा.-१० बस्ने भुवन लिम्बु ............१

कपिलवस्तु जिल्ला साविक शिवगढी गा.वि.स.-४ को परिवर्तित शिवराज न.पा.-१ घर भई काठमाडौं जिल्ला टोखा न.पा.-१ बस्ने प्रेम जि. एम. ......................१

गुल्मी जिल्ला साविक बाँझकटेरी गा.वि.स.-४ को परिवर्तित मदाने गा.पा.-२ घर भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.-१ बस्ने शेखर भुसाल................१

भोजपुर जिल्ला साविक रानिवास गा.वि.स.४ को परिवर्तित हतुवागढी गा.पा.-२ घर भई काठमाडौं जिल्ला का.म.न.पा.-२७ बस्ने सुजन राई ..............................१

बाँके जिल्ला साविक कोहलपुर गा.वि.स.-४ को परिवर्तित कोहलपुर न.पा.-१२ घर भई काठमाडौं जिल्ला का.म.न.पा.-१७ बस्ने सन्ध्या भारती .........................१

प्युठान जिल्ला साविक रस्पुरकोट गा.वि.स.-७ को परिवर्तित मल्लरानी गा.पा.-३ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.-२७ बस्ने शिवराज पौडेल ............१

इलाम जिल्ला साविक इलाम न.पा.-९ हाल परिवर्तित इलाम न.पा.-६ घर भई ललितपुर जिल्ला ललितपुर उप म.न.पा. -७ बस्ने सन्ध्या सुब्बा ...................१

सल्यान जिल्ला, साविक माझकाँडा गा.वि.स.-८ को परिवर्तित वनगाड कुपिन्डे न.पा.-११ घर भई हाल ल. पु.जि.ल.पु.म.न.पा.-७ बस्ने अर्जुनजंग शाह ...........१

मोरङ जिल्ला, उर्लावारी न.पा.-३ घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. ७ बस्ने सविन अधिकारी ........................................................................१

बर्दिया जिल्ला साविक सानोश्री गा.वि.स.-८ को परिर्तित मधुवन न.पा.-५ बस्ने हेमराज तिमिल्सेना..........................................................................१

प्युठान जिल्ला, साविक अर्खा गा.वि.स.-३ को परिवर्तित गौमुखी गा.पा. २ घर भई काठमाडौं जिल्ला कीर्तिपुर न.पा.-६ बस्ने होम बहादुर थापा मगर .................१

स्याङ्जा जिल्ला साविक आरुखर्क गा.वि.स.-५ को परिवर्तित फेदिखोला गा.पा.-४ घर भई का.जि. का.म.न.पा.-१६ बनस्थली बस्ने सपना पौडेल ......................१

दोलखा जिल्ला, साविक ओराङ गा.वि.स.-७ को परिवर्तित विगु गा.पा.-२ घर भई काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा.-८ बस्ने दिलकृष्ण श्रेष्ठ........................१

तेह्रथुम जिल्ला साविक जलजले गा.वि.स.-२ को परिवर्तित फेदाप गा.पा.-३ घर भई काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा.-७ बस्ने मनिष भट्टराई ............१

दाङ जिल्ला साविक तुलसीपुर न.पा.-६ परिवर्तित तुलसीपुर उप म.न.पा.-६ घर

भई हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. -६ बस्ने मन्जु भण्डारी....................१
बारा जिल्ला साविक ककडी गा.वि.स.-४ को परिवर्तित कोल्हवी न.पा.-५ घर भई भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.-१ बस्ने तुलसी प्रसाद चौधरी ..................१
खोटाङ जिल्ला साविक इन्द्रेणी पोखरी गा.वि.स.-१ को परिवर्तित खोटेहाङ गा.पा. ६ घर भई ललितपुर जिल्ला महालक्ष्मी न.पा.-१५ बस्ने महेश राई ..............१
जिल्ला कञ्चनपुर, साविक परासन गा.वि.स. ३ को हाल परिवर्तित पुनर्वास न.पा. वडा नं. ८ घर भई हाल जिल्ला काठमाडौं, कीर्तिपूर न.पा. वडा नं. ७ बस्ने शुशिला मल्ल ............................................................................१
जिल्ला बैतडी, साविक उदयदेव गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित शिवनाथ गा.पा. वडा नं. ४ घर भई हाल का.जि., कीर्तिपूर न.पा. वडा नं. ७ बस्ने विनोदसिंह महता .....................................................................१
जिल्ला स्याङजा, साविक दरौ गा.वि.स. वडा नं. १ परिवर्तित अर्जुनचौपारी गा.पा. वडा नं. ६ घर भई हाल का.जि., कीर्तिपूर न.पा. वडा नं. ३ बस्ने पूर्णिमा अधिकारी.................................................................................१
जिल्ला गुल्मी, साविक मरभुङ्ग गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित मालिका गा.पा. वडा नं. ८ घर भई हाल का.जि.की.न.पा.वडा नं. २ बस्ने हिमराज अर्याल.................................................................................१
जिल्ला गुल्मी, साविक मरभुङ्ग गा.वि.स. ४ को हाल परिवर्तित मालिका गा.पा. वडा नं. ८ घर भई हाल का.जि.की.न.पा.वडा नं. २ बस्ने अशोक अर्याल................१
जिल्ला ओखलढुङ्गा, साविक फुलबारी गा.वि.स. वडा नं. २ को हाल परिवर्तित चम्पादेवी गा.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं, बुढानिलकण्ठ न.पा. वडा नं. १२ बस्ने वसन्त कार्की ................................................१
जिल्ला ओखलढुङ्गा, साविक ज्यामिरे गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित सिद्धिचरण न.पा. वडा नं. ९ घर भई हाल जिल्ला भक्तपूर, सुर्यविनायक न.पा. वडा नं. ५ बस्ने सञ्जय बानियाँ ..................................................१

जिल्ला मकवानपुर, साविक नामटार गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित कैलास गा.पा. वडा नं. ९ घर भई हाल जिल्ला काठमाडौं, कीर्तिपूर न.पा. वडा नं. ६ बस्ने अनिरा थापा ........................................................................१

जिल्ला स्याङजा, साविक ढापुक गा.वि.स. ९ को हाल परिवर्तित भीरकोट न.पा. वडा नं. ८ घर भई जिल्ला भक्तपुर, मध्यपुर ठिमी न.पा. वडा नं. ३ बस्ने सरोज खनाल ........................................................................................१

जिल्ला दोलखा, साविक मिर्गे गा.वि.स. वडा नं. ८ को हाल परिवर्तित बैत्यश्वर गा.पा. वडा नं. ३ घर भई हाल जिल्ला भक्तपुर, सुर्यविनायक न.पा. वडा नं. ८ बस्ने भिमसेन दहाल .......................................................................१

जिल्ला नवलपरासी, साविक देउराली गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित हुप्सेकोट गा.पा. वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४ बस्ने उमेश चन्द्र लम्साल ...........................................................१

जिल्ला गुल्मी, साविक इस्मारजस्थल गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित इस्मा गा.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, नागार्जुन न.पा. वडा नं. १४ बाफल बस्ने पशुपति ज्ञवाली ........................................................१

जिल्ला कञ्चनपुर, भिमदत्त न.पा. वडा नं. २ घर भई हाल जिल्ला काठमाडौं, कीर्तिपुर न.पा. वडा नं. ९ बस्ने प्रियंका ओझा .........................................१

जिल्ला धादिङ, साविक निलकण्ठ गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित निलकण्ठ न.पा. वडा नं. २ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २९ घट्टेकुलो बस्ने कोमलप्रसाद प्याकुरेल ..............................................१

जिल्ला गुल्मी, साविक मरभुङ्ग गा.वि.स. १ को परिवर्तित मालिका गा.पा. वडा नं. ८ घर भई जिल्ला काठमाडौं, नागार्जुन न.पा. वडा नं. १ बस्ने सरोज अर्याल ...१

जिल्ला नुवाकोट, साविक मनकामना गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित किस्पाङ गा.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं. ५, बस्ने कविता भट्टराई ...........................................................१

जिल्ला काभ्रे, साविक ढुङ्खर्क गा.वि.स. वडा नं. १ को परिवर्तित बेथान्चोक गा.पा. वडा नं. ३ घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा.- २ बस्ने अरुण तिमल्सिना.........................................................................................१

जिल्ला गुल्मी, साविक अर्खले गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित रेसुङ्गा न.पा. वडा नं. ५ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३ बस्ने सुशिला मरासिनि .......... ..........................................................................१

जिल्ला अर्घाखाँची, साविक भगवती गा.वि.स. वडा नं. ८ को हाल परिवर्तित छत्रदेव गा.पा. वडा नं. ७ घर भई हाल जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १२ बस्ने भूपति पाण्डे ..................................................................१

जिल्ला इलाम, साविक इलाम न.पा. २ को हाल परिवर्तित इलाम न.पा. वडा नं. ७ घर भई हाल का.जि. का.म.न.पा. वडा नं. ३२ बस्ने डिडी मुखिया.............१

जिल्ला गुल्मी, साविक बस्तु गा.वि.स. ४ को हाल परिवर्तित धुरकोट गा.पा. वडा नं. ५ घर भई का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने गंगा पाण्डेय.........१

जिल्ला उदयपुर, साविक ठोक्सिला गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित बेलका न.पा. वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १० बस्ने माधब कुमार अधिकारी ..........................................................................१

जिल्ला पाल्पा, तानसेन न.पा. वडा नं. ७ घर भई हाल जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने गिता पाण्डेय ..................................................१

जिल्ला दाङ, साविक लोहारपानी गा.वि.स. वडा नं. १ को हाल परिवर्तित बंगलाचुली गा.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा. वडा नं. ७ बस्ने पदम बहादुर डाँगी ...........................................................१

जिल्ला सर्लाही, साविक भक्तिपुर गा.वि.स. वडा नं. ६ को हाल परिवर्तित ईश्वरपुर न.पा. वडा नं. १ घर भई हाल जिल्ला काठमाडौं, किर्तिपुर न.पा. वडा नं. ७ बस्ने जितबहादुर राना ..........................................................................१

जिल्ला भक्तपुर, साविक मध्यपुर थिमी न.पा. वडा नं. १७ को हाल परिवर्तित

मध्यपुर थिमी न.पा. वडा नं. २ बस्ने सिर्जना श्रेष्ठ ..........................................१
जिल्ला ओखलढुङ्गा, साविक थाक्ले गा.वि.स. वडा नं. २ को हाल परिवर्तित मानेभञ्याङ्ग गा.पा. वडा नं. ६ बस्ने सीता बास्कोटा ..........................................१
जिल्ला कपिलवस्तु, साविक मोतिपुर गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित बाणगंगा न.पा. वडा नं. ८ घर भई हाल जिल्ला काठमाडौं, कीर्तिपुर न.पा. वडा नं. ९ बस्ने गौरव पाण्डे ..........................................१
जिल्ला सप्तरी, साविक भारदह गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित हनुमाननगर कंकालिनी न.पा. वडा नं. १ घर भई हाल जिल्ला सिन्धुली, कमलामाइ न.पा. वडा नं. ६ बस्ने हरिमोहन सुतिहार ..........................................१
जिल्ला नुवाकोट, मदानपुर गा.वि.स. वडा नं. २ परिवर्तित बेलकोटगढी न.पा. वडा नं. १३ घर भई हाल जि.का. का.म.न.पा. वडा नं. १५ बस्ने रिता थपलिया ....१
जिल्ला रोल्पा, साविक कोटगाउँ गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित रोल्पा न.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं, कीर्तिपुर न.पा. वडा नं. ७ बस्ने हेमराज घर्ति मगर ..........................................१
जिल्ला गोरखा, साविक दर्बुङ गा.वि.स. ६ को हाल परिवर्तित गण्डकी गा.पा. वडा नं. ५ घर भई हाल जि.का. नागार्जुन न.पा. वडा नं. १ बस्ने छविलाल श्रेष्ठ ....१
जिल्ला गुल्मी, साविक धुर्कोट रजस्थल गा.वि.स. २ को परिवर्तित धुर्कोट गा.पा. वडा नं. ३ घर भई जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३१ बस्ने सुनिता भण्डारी ..........................................१
जिल्ला काठमाडौं, साविक मुल्पानी गा.वि.स. वडा नं. ४ को हाल परिवर्तित कागेश्वरी मनोहरा न.पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौं किर्तिपुर न.पा. वडा नं. ५ बस्ने प्रतिज्ञा सुवेदी ..........................................१
जिल्ला सिन्धुली, साविक आम्बोटे गा.वि.स. वडा नं. ६ को हाल परिवर्तित तिनपाटन गा.पा वडा नं. ९ घर भई हाल जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा. वडा नं. २ बस्ने तारा पोखरेल ..........................................१

दैलेख जिल्ला बडलम्जी गा.वि.स. १ परिवर्तित दुल्लु नगरपालिका वडा नं. ८ घर भई हाल जि.का. किर्तिपुर नगरपालिका वडा नं. ९ बस्ने धर्मराज बुढा.............१

धनुषा जिल्ला भुतही पटेर्वा गा.वि.स. वडा नं. १ परिवर्तित मिथिला विहारी नगरपालिका वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. ९ बस्ने रघुलाल कर्ण .................................................................१

मुगु जिल्ला रोवा गा.वि.स. ४ परिवर्तित छाँयानाथ रारा नगरपालिका वडा नं. १० घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० बस्ने प्रवेश बढुवाल.........१

गुल्मी जिल्ला शान्तिपुर गा.वि.स. वडा नं. ८ परिवर्तित चन्द्रकोट गाँउपालिका वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ बस्ने कमल सुवेदी ..........................................................................१

पाल्पा जिल्ला रामपुर गा.वि.स. वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. ९ बस्ने उदयराज भट्टराई ..............................१

रुकुम जिल्ला खोलागाउँ गा.वि.स. ४ परिवर्तित रुकुम पश्चिम जिल्ला चौरजहारी नगरपालिका वडा नं. ११ घर भई हाल काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. १० बस्ने मोहन प्रसाद आचार्य ..................................................१

मुगु जिल्ला गम्था गा.वि.स. ३ परिवर्तित खत्याड गाउँपालिका वडा नं. ६ घर भई काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं. १० बस्ने मुक्तिनन्द रावल .....१

बाग्लुङ जिल्ला बाग्लुङ नगरपालिका साविक ११ हाल ऐ. नगरपालिका वडा नं. ४ घर भई का.जि. किर्तिपुर नगरपालिका वडा नं. १० बस्ने रमेश शर्मा .........१

स्याङजा जिल्ला वाङसिङ गा.वि.स. वडा नं. १ परिवर्तित आँधीखोला गाउँपालिका वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ बस्ने नविन लामिछाने............ .........................................................................१

नुवाकोट जिल्ला जिलिङ गा.वि.स. ४ परिवर्तित वेलकोगढी नगरपालिका वडा नं. ८ घर भई हाल जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं. ५ बस्ने केदार प्रसाद खतिवडा .................................................................................१

नुवाकोट जिल्ला जिलिङ गा.वि.स. ४ परिवर्तित वेलकोगढी नगरपालिका वडा नं. ८ घर भई का.जि. तारकेश्वर न.पा. वडा नं. ५ बस्ने बद्रि प्रसाद खतिवडा .......१
कालिकोट जिल्ला कोटवाडा गा.वि.स. ६ परिवर्तित नरहरीनाथ गाउँपालिका वडा नं. १ घर भई ल.जि.ल.पु.म.न.पा. वडा नं. १५ बस्ने मंगल बहादुर विष्ट ........१
सिन्धुली जिल्ला, साविक खलागाउँ गा.वि.स.- ८ को परिवर्तित फिक्कल गा.पा.-३ बस्ने डम्बर बहादुर रजनमगर.............................................. .................१
रुपन्देही जिल्ला साविक सालझण्डी गा.वि.स.-३ को परिवर्तित सैनामैना न.पा. १० बस्ने विष्णु प्रसाद बेल्वासे ......................................................................१
जिल्ला ललितपुर साविक गोदामचौर गा.वि.स.-३ को परिवर्तित गोदावरी न.पा. १ बस्ने विनु थापा..............................................................................................१

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, काठमाडौं................१
नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ...........................................................................................१
सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं.............................................................................................१ प्रत्यर्थी
लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं.......................१
अध्यक्ष, लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं.............१

नेपालको संविधानको धारा ४६ तथा १३३ (२) बमोजिम दायर भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तथ्य खण्ड

रिट निवेदन व्यहोराः

निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम लोक सेवा आयोग केन्द्रीय कार्यालय अनामनगर काठमाडौंबाट मिति २०७६/८/२५ मा रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको रिक्त पद संख्याको आधारमा ३० प्रतिशत बढुवा तर्फ र बाँकी ७० प्रतिशत खुलातर्फ विज्ञापन प्रकाशित भएको थियो। प्रकाशित विज्ञापन बमोजिम नेपाल

प्रशासन सेवा, सामान्य प्रशासन समुह अन्तर्गत जेष्ठता तथा कार्य सम्पादन मूल्यांकनद्वारा हुने बढुवा तर्फ १६८, खुलातर्फ २१६, महिलातर्फ ५८, आदिवासी/जनजातीतर्फ ४८, मधेशीतर्फ ३९, दलिततर्फ १५, अपाङ्गतर्फ ९ र पिछडिएको क्षेत्रतर्फ ९ गरी कुल ५६० पदमा र नेपाल प्रशासन सेवा लेखा समुहमा बढुवा तर्फ ९, खुलातर्फ १२, महिलातर्फ ३, आदिवासी/जनजातीतर्फ २, मधेशीतर्फ २, पिछडिएको क्षेत्रतर्फ १ गरी कुल २९ पदमा पदपूर्तिको लागि विज्ञापन प्रकाशित भएको थियो।

उक्त विज्ञापन बमोजिम हामी निवेदकहरुले प्रशासन सेवा सामान्य प्रशासन तथा लेखा समुह अन्तर्गत क्रमशः विज्ञापन नं. १६६९४, १६६९५, १६६९६, १६६९७, १६६९८, १६६९९ र १६७००/०७६-०७७ शाखा अधिकृत (रा.प. तृतिय श्रेणी) पदमा दरखास्त भरी पेश गरेका थियौं। सो बमोजिम विपक्षी लोक सेवा आयोगद्वारा पहिलो चरणको लिखित परीक्षा मिति २०७६/१०/२५ मा लिइ सोको नतिजा मिति २०७६/११/११ मा प्रकाशन गरिएको र दोश्रो चरणको लिखित परिक्षा मिति २०७७/९/२१ देखि ऐ. २३ गतेसम्म लिइएकोमा सोको नतिजा मिति २०७८/३/२१ मा प्रकाशित भएको थियो। तेश्रो चरणको सूचना प्रविधि सीप परीक्षण परीक्षा मिति २०७८/४/१९ देखि ऐ २५ गतेसम्म लिइएको तथा सामुहिक छलफल र अन्तर्वाता मिति २०७८/४/२० देखि २०७८/५/८ सम्म लिइएको थियो। उल्लेखित सबै परीक्षामा हामी निवेदकहरु सहभागी भै अन्तिम सिफारिसको नतिजा प्रतिक्षा गरी बसेका छौं।

यसैबीच प्रत्यर्थी मध्येका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा "सर्वोच्च अदालतबाट मुद्दा नं. ०७७-WO-०५४७ मा भएको अन्तरिम आदेशलाई कार्यान्वयन गर्न लोक सेवा आयोगमा लेखि पठाउने र रिट निवेदक ३४ जनालाई अन्तरिम आदेश बमोजिम संघमा समायोजन गरी रिक्त पदमा कामकाज गर्ने गरी खटाउन उचित हुने देखि निर्णयार्थ पेश गरेको छु" भनी मिति २०७८/४/२९ तथा २०७८/५/३ मा टिप्पणी आदेश तथा निर्णय गरी उक्त टिप्पणी आदेश तथा निर्णय बमोजिम विपक्षी लोकसेवा आयोग केन्द्रीय कार्यालयमा मिति २०७८/५/८ मा पत्राचार समेत गरिएको रहेछ। हामी निवेदकले आवेदन गरी सबै चरणका परीक्षामा सहभागी भई अन्तिम सिफारिसको नतिजा प्रतिक्षा गरी बसिरहेको अवस्थामा प्रत्यर्थी मन्त्रालयद्वारा सर्वोच्च अदालतबाट मुद्दा नं. ०७७-WO-०५४७ मा भएको अन्तरिम आदेश

कार्यान्वयन गर्न लेखि पठाउने र रिट निवेदक ३४ जनालाई संघमा समायोजन गर्न हामी रिट निवेदक संलग्न भएको विज्ञापनका पदसंख्या कटौती हुने गरी भएका सम्पूर्ण काम कारवाही र लोक सेवा आयोगबाट भएका उक्त विज्ञापन बमोजिमको सिट संख्या कटौती नगर्नु नगराउनु र उक्त सिट संख्याकै आधारमा पदपूर्ति गर्नू गराउनू भनी आदेश जारी गरिपाउँ भनी निवेदन लिई अदालतसमक्ष उपस्थित भएका छौं।

हामी निवेदक सहभागी भएको उक्त पदको विज्ञापन प्रकाशन गर्नु भन्दा अगाडी नै प्रत्यर्थी लोक सेवा आयोगद्वारा प्रकाशन गरिएको ०७३/०७४ को विज्ञापन बमोजिम नियुक्ति पाई सेवामा कार्यरत रहेका अनुज घिमिरे समेतका ३४ जना कर्मचारीहरु समेतले संघमा समायोजन हुन चाहेको भनी फाराम भरेपश्चात संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/११/५ को निर्णय बमोजिम प्रदेश तथा स्थानीय तहमा आ-आफ्नो इच्छा चाहाना बमोजिम समायोजन भई सबै सेवा सुविधा, ग्रेड थप समेतका सुविधासमेत उपयोग गरी समायोजन प्रकृयालाई स्वीकार गरी कार्यरत रहेको अवस्थामा छ। तथापि मिति २०७६/८/२५ को विज्ञापन बमोजिम माग भएको पदमा सबै चरणका परीक्षामा सहभागी भई हामी निवेदकहरु अन्तिम सिफारिसको नतिजा प्रतिक्षा गरी बसेको अवस्थामा निज अनुज घिमिरे समेतका कर्मचारीहरुद्वारा बदि्नयतका साथ उत्प्रेषणसमेतको रिट निवेदन (रि.नं.०७७-WO-०५४७) सम्मानीत सर्वोच्च अदालतमा दायर गरेको हुँदा हामी निवेदकलाई गम्भीर रुपमा असर पुगेको छ। लोक सेवा आयोगबाट मिति २०७६/८/२५ को एउटै विज्ञापनबाट रिक्त पदको ३० प्रतिशत बढुवा तर्फ कानून बमोजिम छुट्याएका पदमध्ये सामान्य प्रशासन समूहतर्फका सिट संख्या १६८ र लेखा समूहतर्फका सिट संख्या ९ पदमा प्रत्यर्थी मध्येको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/३/९ को निर्णयबमोजिम बढुवा गरी रिक्त पदमा पदस्थापन समेत गरिसकेको अवस्था छ।

लोक सेवा आयोगबाट मिति २०७६/८/२५ मा भएको विज्ञापनको द्रष्टव्य खण्डको (ख) मा "कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनुपूर्व अधिकृतस्तरको पदमा कार्यरत निजामती कर्मचारी यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन्" भनी उल्लेख गरिएको थियो। उक्त विज्ञापन अनुसार उम्मेदवार नै हुन नसक्ने व्यक्तिहरुलाई भुतलक्षी प्रभाव हुने गरी प्रत्यर्थी मन्त्रालयबाट सदर भएको टिप्पणी आदेश गैरकानूनी छ। यसका साथै एउटै विज्ञापन

बमोजिम प्रतिशतको आधारमा छुट्टिएको पदमध्ये बढुवाको पदपूर्ति गर्न मिल्ने तर खुलातर्फको पद विविध कारणले पदपूर्तिको लागि ढिलाइ भएकै आधारमा कटौती गर्नको लागि अग्रसर हुने व्यवहार हामी निवेदकको हकमा समानताको हकको विपरीत हुन गएकाले सो बमोजिम गरिने विपक्षीहरुका कामकारवाही प्रथम दृष्टि (Prime Facie) मा नै बदरयोग्य रहेका छन्।

नेपालको संविधानको धारा १८ ले कानूनको दृष्टिमा समानता र कानूनको समान संरक्षणको ग्यारेन्टी गरेको छ। साथै धारा १७(२) को (च) मा पेशा रोजगार गर्ने स्वतन्त्रताको प्रत्याभूत गरेको छ। धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक र धारा ३४ मा प्रत्येक कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था गरेको छ। लोक सेवा आयोगबाट प्रकाशित उक्त विज्ञापनमा समावेश भएका हामी मध्येका कतिपय उम्मेदवारको हकमा त्यो विज्ञापन बाहेक अन्य विज्ञापनमा समावेश हुन निजामती सेवा ऐनले तोकेको उमेर हदको कारण यहि विज्ञापन नै अन्तिम विज्ञापनको रूपमा समेत रहेको छ। यसर्थ हामी निवेदकहरु मध्येको केही उम्मेदवारको हकमा अन्य विज्ञापनमा सहभागी भई निजामती सेवामा प्रवेशको ढोका बन्द हुने अवस्था रहेको छ। तसर्थ विपक्षीहरुको काम कारवाहीका कारण सो मितिको विज्ञापन बमोजिमको पदसंख्या कटौती भएमा निजामती सेवा ऐन, २०४९ को दफा १० को खण्ड (ग) तथा संविधानले ग्यारेण्टी गरेको रोजगारी सम्बन्धी मौलिक हकबाट समेत बञ्चित हुनुपर्ने हुँदा हामीलाई अपुरणीय क्षति (Irreparable Loss) हुन जान्छ ।

लोक सेवा आयोग ऐन, २०६६ को दफा २८ मा आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा हुनु अगावै अख्तियारवालाले सो विज्ञापन रद्ध गरिदिन कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्ध गर्न सक्ने व्यवस्था छ। सर्वोच्च अदालतले ने.का.प. २०७५, अंक २, नि.नं. ९९४६ मा दरखास्त स्वीकृत गरी प्रवेशपत्र पाइसकेपछि उक्त परीक्षा उत्तिर्ण गरी सरकारी सेवामा प्रवेश गर्छु भन्ने वैधानिक अपेक्षा जागृत भएको हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको छ। हामी निवेदकसमेतको लोक सेवा आयोगले मिति २०७८/३/२१ को सूचना बमोजिम ६३१ जनाको नामावली प्रकाशन गरेको छ। सोही सूचना बमोजिम प्रकाशित नामावलीमा नाम समावेश भएका उम्मेदवारमध्ये नेपाल न्याय सेवाको शाखा अधिकृत पदमा सिफारिस भइसकेका छन्।

रिट निवेदक अनुज घिमिरेसमेत भएको (०७७-Wo-०५४७) उत्प्रेषणसमेतको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७८/४/२५ मा अन्तरिम आदेश जारी भएको छ। एउटै प्रकृतिको प्रमोद सिंखडासमेत वि. लोक सेवा आयोग, केन्द्रिय कार्यालयसमेत भएको उत्प्रेषण रिट निवेदन (०७७-Wo-०७७५) मा सुनुवाई हुँदा सर्वोच्च अदालतबाट मिति २०७८/४/२५ मा अन्तरिम आदेश जारी नभएको अवस्था छ। दुई भिन्ना भिन्नै आदेशहरु विद्यमान रहेको अवस्थामा आफूलाई अनुकूल र फाईदा हुने आदेशलाई मात्र ग्रहण गरिएका प्रत्यर्थीका निर्णयहरु सम्पूर्ण रुपमा गैरकानूनी र बदि्नयतपूर्ण भई बदरभागी छन्। नेपालको संविधानको धारा ३०२ को उपधारा (२) मा सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने व्यवस्था छ। कर्मचारी समायोजन ऐन, २०७५ को दफा २४ मा सम्बन्धित सेवा समूहका सरकारी कर्मचारीको पद मिलान गरी बाँकी रहेको संघको दरबन्दीको पदमा मात्र पदपुर्ति गरिनेछ भन्ने व्यवस्था छ। यो व्यवस्था केवल एक पटकका लागि हो, पटक पटकका लागि होइन। एकपटक समायोजनको प्रक्रिया समाप्त भैसकेपछी सो पश्चात रिक्त हुन गएका संघको दरबन्दीको पदमा पदपुर्ति गरिनेछ भन्ने व्यवस्था रहेबाट एकपटक प्रदेश तथा स्थानीय तहमा समायोजन भैसकेका अनुज घिमिरे समेतका कर्मचारीलाई पुन: समायोजनका नाममा संघमा समायोजन गरी हामी निवेदकलाई असर पुऱ्याउन नमिल्ने कुरा सो संवैधानिक तथा कानूनी व्यवस्थाबाट स्पष्ट हुन्छ।

अत: लोक सेवा आयोगबाट मिति २०७६/८/२५ मा गरिएको विज्ञापन बमोजिम माग भएको पदमा सबै चरणका परीक्षामा सहभागी भई हामी निवेदक अन्तिम सिफारिसको नतिजा प्रतिक्षा गरी बसिरहेको अवस्थामा प्रत्यर्थी मध्येका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सर्वोच्च अदालतबाट मुद्दा नं. ०७७-WO-०५४७ मा भएको अन्तरिम आदेशलाई कार्यान्वयन गर्न लोक सेवा आयोगमा लेखी पठाउने र रिट निवेदक ३४ जनालाई अन्तरिम आदेश बमोजिम संघमा समायोजन गरी रिक्त पदमा कामकाज गर्नेगरी खटाउन उचित हुने देखी निर्णयार्थ पेश गरेको छु" भनी, प्रमोद सिंखडासमेत वि. लोक सेवा आयोगसमेत भएको उत्प्रेषणसमेतको रिट निवेदन (रि.नं. ०७७-WO-०७७५) को संयुक्त इजलासबाट अन्तरिम आदश नहुने भन्ने मिति २०७८/४/२५ को आदेशको वेवास्ता गरी मिति २०७८/४।२९ तथा

मिति २०७८/५/३ को टिप्पणी, आदेश तथा निर्णय एंव हामी निवेदक संलग्न भएको विज्ञापन बमोजिमका पदसंख्या कटौती हुनेगरी भएका सम्पूर्ण काम कारवाही र उक्त मन्त्रालयबाट लोक सेवा आयोग, केन्द्रीय कार्यालयमा मिति २०७८/५/८ मा गरिएको पत्राचार तथा त्यस सम्बन्धमा भएगरेका सम्पूर्ण काम कारवाहीहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी लोक सेवा आयोगबाट मिति २०७६/८/२५ मा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समुहमा विज्ञापन नं. १६६९४ देखि १६७००/०७६-७७ का शाखा अधिकृत पदको कुनै पनि सिटसंख्या कटौती नगर्नू र विज्ञापन बमोजिमकै सिटसंख्याका आधारमा पदपूर्तिका लागि सिफारिस गर्नू गराउनू भनी परमादेश लगायतको आदेश जारी गरिपाउँ। साथै प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म प्रत्यर्थी मन्त्रालयको मिति २०७८/४/२९ र मिति २०७८/५/३ को निर्णय र सो बमोजिम लोक सेवा आयोगलाई मिति २०७८/५/८ मा गरिएको पत्राचार लगायतका कामकारवाही जुन अवस्थामा पुगेका छन् सोही अवस्थामा राख्नु र सबै चरणका परीक्षा सम्पन्न भएको हुँदा पदपूर्तिका लागि सिफारिस गर्नू भनी प्रत्यर्थीहरुका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने मिति २०७८/५/११ को रिट निवेदन।

<u>यस अदालतबाट भएको आदेशः-</u>

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

साथै निवेदकहरुले प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भनी गरेको निवेदन मागका सम्बन्धमा विचार गर्दा मिसिल संलग्न ०७८-**WO**-०१९० को उत्प्रेषण मुद्दाको छाँया प्रति हेर्दा निवेदकहरुको जेष्ठता समेतका प्रचलित कानून बमोजिम मापदण्ड पुरा भई संघमा समायोजन गरी पाउन म्यादमा निवेदन गर्ने निवेदकहरुलाई संघमा पदस्थापन गर्ने गरी पद मिलान तर्फ आवश्यक कारवाही गर्नु गराउनु र यस मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म

सो पदहरुमा निवेदकहरु जतिको पदसंख्यामा जेष्ठता समेतको मापदण्ड पुरा भएका कर्मचारीको पद मिलान नभएसम्म उक्त पद संख्यामा पदपूर्ति नगर्नु नगराउनु भनी मिति २०७८।५।४ मा आदेश समेत भएको देखियो।

यस स्थितिमा निवेदन माग समेतलाई दृष्टिगत गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/४/२९ र मिति २०७८/५/३ को टिप्पणी आदेश तथा निर्णय र सो बमोजिम उक्त मन्त्रालयबाट लोक सेवा आयोग, केन्द्रीय कार्यालयका नाममा मिति २०७८/५/८ मा गरिएको पत्राचार जुन अवस्थामा पुगेको छ सोही अवस्थामा यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू। प्रस्तुत मुद्दामा समावेश भएको कानूनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा त्यसको निरुपण पूर्ण इजलासबाट हुन उपयुक्त हुने देखिँदा विभिन्न मितिमा यस अदालतमा दायर भएका यसै प्रकृतिका रिट निवेदन समेत साथै पेशीमा चढाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(च) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्नु भन्ने मिति २०७८/५/२५ मा भएको आदेश।

**लिखित जवाफ व्यहोराः**

नेपालको संविधानको धारा २४३(१) मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तब्य हुनेछ भन्ने व्यवस्था रहेको छ। लोक सेवा आयोगले मागका आधारमा विज्ञापन प्रकाशन गरी पदपूर्तिका लागि सिफारिस गर्नु पर्ने हुन्छ। यसै क्रममा आ.ब. ०७६/०७७ मा नेपाल प्रशासन सेवा अन्तर्गत सामान्य प्रशासन समूह र लेखा समूहको रा.प. तृतीय श्रेणीको पदमा अख्तियारवालाबाट जम्मा ५९१ पदको माग प्राप्त हुन आएबमोजिम बढुवा तर्फ १७७ पद र खुला तर्फ ४१४ पदको विज्ञापन प्रकाशन गरिएकोमा बढुवा सम्बन्धी कारवाही सम्पन्न भै नियुक्ति तथा पदस्थापन गर्ने कार्य सम्पन्न भएको अवस्था छ। खुला तर्फको सम्पूर्ण परीक्षा सम्पन्न भै नतिजा प्रकाशनको अन्तिम चरणमा रहेकोमा सम्मानीत सर्वोच्च अदालतबाट विभिन्न मितिमा भएको अन्तरिम आदेश बमोजिम नतिजा प्रकाशनको कार्य स्थगित भएको अवस्था छ। यसरी आ.ब.

०७६/७७ मा खुलातर्फको विज्ञापनमा लिखित परीक्षाको साथ साथै अन्तरवार्ता समेत सम्पन्न भै नतिजा प्रकाशनको अन्तिम चरणमा रहेको अवस्थामा सम्मानीत सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएको अवस्था हुँदा रिट निवेदकहरुको नतिजा प्रकाशन गर्ने कार्य र सिफारिस रोकिन गएको हो। कर्मचारी समायोजन तथा मिलान गर्ने कार्य नेपाल सरकारले गर्न सक्ने नै हुँदा उल्लेखित विज्ञापनका अन्तिम नतिजा प्रकाशन गर्ने लगायतका पदपूर्ति प्रक्रिया अघि बढाउने निकाशा पाउन सम्मानीत अदालत समक्ष सादर अनुरोध छ। यस आयोगबाट निवेदकहरुको मौलिक हक हनन् हुने कुनै कार्य नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत एकै मिलान व्यहोराको **लोकसेवा आयोग केन्द्रीय कार्यालय र ऐ. आयोगका अध्यक्षको तर्फबाट पेश** भएको अलग अलग लिखित जवाफ।

रिट निवेदक अनुज घिमिरेसमेत भएको रिट नं. ०७७-WO-०५४७ मा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७८/४/२५ मा प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म यी निवेदकहरु जतिको पद संख्यामा पदपूर्ति नगरी सो पदमा यी निवेदकहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ मा उल्लेखित मापदण्डहरु समेतलाई विचार गरी संघमा समायोजन गर्ने कार्य गर्नु गराउनु भनी अन्तरिम आदेश भएको जानकारी सम्मानीत अदालतको च.नं. ७८३-३-३१३३३, मिति २०७८/४/२६ को पत्र मार्फत प्राप्त भएकोले सो अन्तरिम आदेश कार्यान्वयनका लागि यस मन्त्रालयको मिति २०७८/४/२९ र २०७८/५/३ को टिप्पणी आदेश तथा निर्णय बमोजिम मिति २०७८/५/८ को पत्रबाट लोक सेवा आयोगमा लेखी पठाएको हो। सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयनका लागि लेखिएको पत्रकै आधारमा मात्र यस मन्त्रालयलाई विपक्षी बनाइ रहनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको** लिखित जवाफ।

संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एंव व्यवस्थापन गर्ने कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ। सोही बमोजिम सर्वोच्च अदालतबाट मुद्दा नं. ०७७-WO-०५४७ मा भएको अन्तरिम आदेश कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित निकायबाट भएको निर्णयलाई अन्यथा भन्न मिल्दैन। कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम

कर्मचारी समायोजनको कार्य सम्पन्न भएपछि विभिन्न प्रक्रियाबाट रिक्त हुन आएका स्वीकृत दरबन्दीका पदमा पदपूर्तिका लागि लोक सेवा आयोगबाट उक्त विज्ञापन प्रकाशन भएको हो। विज्ञापन रद्ध भएको होइन। रिट निवेदकहरुको हक नै सृजना नभएको हुँदा हक हनन् हुने कार्य भएको छैन। अदालतको आदेश बमोजिम केही पद कट्टा भएको हो। अतः अदालतको आदेश कार्यान्वयन गर्ने क्रममा निर्णय भएको र सम्मानीत अदालतबाट मुद्दा नं. ०७७-WO-०५४७ मा न्याय निरुपण गर्ने सिलसिलामा अन्यथा आदेश भई आएमा सोही बमोजिम हुने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट** पेश भएको लिखित जवाफ।

सरोकारवाला कायम गरिपाउँ भन्ने निवेदन व्यहोराः

हामी निवेदकहरु नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह रा.प. अनं. प्रथम श्रेणीका नायव सुव्बा पदमा कार्यरत कर्मचारी हौं। सो पदमा कार्यरत कर्मचारीको संख्या करीव ६००० रहेको छ। लोक सेवा आयोगले आ.ब. २०७६/७७ मा ५६० जना र आ.ब. २०७७/७८ मा ११४ जनाको संघको दरबन्दीमा विज्ञापन गरेको छ। रिट निवेदक अनुज घिमिरे समेत भएको रिट नं. ०७७-WO-०५४७ मा भएको आदेश बमोजिम ३४ जनालाई संघको दरबन्दीमा समायोजन गरिसकेको भन्ने जानकारी हुन आएकाले यो निवेदन सहित उपस्थित भएका छौं। सम्मानित अदालतबाट उक्त रिट निवेदनमा तथा यस्तै प्रकृतिका अन्य रिट निवेदनमा थप आदेश भएको अवस्थामा हामी निवेदकहरुको निजामती सेवा ऐनको दफा ७(१)(च) ले प्रदान गरेको हकमा असर परी संघका कर्मचारीहरुको बढुवा पाउने अवसर नै समाप्त हुने अवस्था भएको हुनाले रिट निवेदन खारेजभागी भएकोले सरोकारवाला कायम गरी सुनुवाईमा सहभागी हुन पाउँ भन्ने व्यहोराको कर्णसिंह विष्टसमेतको निवेदन।

## यस अदालतको आदेश

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरुका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भू थापा तथा विद्वान् अधिवक्ताहरु डा. श्री भीमार्जुन आचार्य, श्री टिकाराम भट्टराई, श्री ऋषिराम घिमिरे र श्री विपिन सुवेदीले निवेदकहरु प्रत्यर्थी लोक सेवा आयोगले आ.ब. २०७६/०७७ मिति २०७६/८/२५

मा प्रकाशन गरेको विज्ञापन अनुसारको शाखा अधिकृत पदको लागि दरखास्त फाराम भरी परीक्षामा सामेल भई लिखित परीक्षा उत्तीर्ण गरी अन्तरवार्ता समेतमा सहभागी भई अन्तिम नतिजाको प्रतिक्षामा बसेका व्यक्तिहरु हुन्। अनुज घिमिरेसमेतले दायर गरेको रिट नं. ०७७-WO-०५४७ मा भएको अन्तरिम आदेशले उक्त विज्ञापनको अन्तिम नतिजा प्रकाशित हुन सकेको छैन। सोही विज्ञापन अनुसारका बढुवातर्फका उम्मेदवारहरु बढुवा भइसक्नु भएको छ। उल्लिखित मुद्दाका रिट निवेदकहरु उक्त विज्ञापनमा सहभागी भएका व्यक्ति नभएकोले सरोकार नभएका व्यक्तिले दिएको रिट निवेदनमा भएको आदेशले लोक सेवा आयोगको परीक्षाको नतिजा प्रकाशनमा रोक लगाउन मिल्दैन। लोक सेवा आयोग ऐन, २०६६ को दफा २८ बमोजिमको अवस्थामा मात्र विज्ञापन रद्द हुनसक्ने व्यवस्था छ। अहिले सो अवस्था नभएकाले विज्ञापन रद्द हुन सक्ने अवस्था छैन। लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०६७ मा सबै चरणका परीक्षा सम्पन्न भएको मितिले ५ दिनभित्र नतिजा प्रकाशन गरिसक्नु पर्ने व्यवस्था भएकोमा परीक्षामा उम्मेदवार नै नभएका बेसरोकारका व्यक्तिले दायर गरेको रिटमा भएको अन्तरिम आदेशका आधारमा सबै चरणका परीक्षा सम्पन्न भै अन्तिम नतिजा प्रकाशन हुन बाँकी रहेको अवस्थामा अन्तिम नतिजा रोक्दा निवेदकहरुको गम्भीर संवैधानिक तथा कानूनी हक हनन् हुन गएको छ। उल्लिखित मुद्दाका निवेदकहरु कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई गएका कर्मचारी हुन्। कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ ले निर्धारण गरेको मापदण्डका आधारमा सरकारले कर्मचारी समायोजन गरेको र उक्त मुद्दाका रिट निवेदकहरुले समायोजनलाई स्वीकार गरी आफू समायोजन भएको स्थानमा गई झण्डै दुई बर्ष कामकाज समेत गरी सकेको अवस्थामा हाल आएर रिट निवेदन दायर गर्न मिल्ने होइन।

कर्मचारी समायोजन ऐन, २०७५ ले प्रदेश र स्थानीय तहमा समायोजन भएर गएका कर्मचारीको सेवा सुविधामा कमी गरेको अवस्था पनि छैन। ऐनको दफा १४ ले पुनः संघमा बढुवा भई आउन तथा प्रतिष्पर्धाका आधारमा आउने बाटो पनि खुला राखेको छ। ऐनको दफा ५ ले समायोजनका लागि निवेदन नदिएको अवस्थामा पनि समायोजन गर्न सकिने व्यवस्था गरेको छ। संघमा दरबन्दी अनुसारको पद लुकाएर आफूहरुलाई प्रदेश र स्थानीय तहमा समायोजन गरेको भन्ने दावी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लिखित

जवाफबाट पुष्टि हुँदैन। पद लुकाएको भन्ने दावी निराधार हो । समायोजनको कार्य सम्पन्न भएपछि रिक्त हुन आएका पद संख्याका आधारमा लोक सेवा आयोगले विज्ञापन गरेको छ। तत्काल दरबन्दीको अपर्याप्तताको कारण सबैलाई संघको दरबन्दीमा समायोजन गर्न नसकिएको हो। उल्लिखित मुद्दामा रिट निवेदकहरुले आफुहरुलाई संघकै दरबन्दीमा समायोजन गरिनु पर्ने भनी दावी गर्न मिल्दैन।

अतः निवेदक अनुज घिमिरेसमेत भएको रिट निवेदनमा यस अदालतबाट भएको अन्तरिम आदेशका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/४/२९ र २०७८/५/३ को टिप्पणी आदेश एवम् निर्णय र सो बमोजिम लोक सेवा आयोगलाई मिति २०७८/५/८ मा गरिएको पत्राचार एवम् सो सम्बन्धमा भएका काम कारवाहीसमेत उत्प्रेषणको आदेशले बदर गरी प्रत्यर्थी लोक सेवा आयोगबाट मिति २०७६/८/२५ मा विज्ञापन नं. १६६९४ देखि १६७००/०७६-७८ मा प्रकाशित विज्ञापन अनुसारका सिट संख्या कटौती नगरी अन्तरवार्ता सम्पन्न भएको मितिले ५ दिनपछिबाट जेष्ठता कायम हुने गरी अन्तिम नतिजा प्रकाशन गरी सिफारिस गर्नु गराउनू भनी परमादेश समेत जारी हुनु पर्छ भनी बहस गर्नुभयो।

प्रत्यर्थी नेपाल सरकारका निकायहरुको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमिरे, विद्वान् सह-न्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, विद्वान् उपन्यायाधिवक्ताद्वय श्री खडिन्द्रराज कटुवाल र श्री सविता शर्माले लोक सेवा आयोगले आफ्नो पूर्व निर्धारित समय तालिका बमोजिम नै कार्य गरी रहेको अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले लामो समय पश्चात समायोजन सम्बन्धी निर्णय बदर गर्न माग गरी रिट दायर गरेको र उक्त रिट निवेदनमा यस अदालतबाट विज्ञापन बमोजिमको नतिजा प्रकाशनको कार्य गर्न रोक लगाउने गरी जारी भएको अन्तरिम आदेश कार्यान्वयन गर्ने क्रममा नतिजा प्रकाशन कार्यमा ढिलाई हुन गएको हो। उक्त रिट निवेदन सहित सो निवेदनमा जारी भएको अन्तरिम आदेश खारेज हुँदा साथ आयोगले उक्त परीक्षाको नतिजा प्रकाशित गर्ने नै छ। अदालतबाट भएको आदेश कार्यान्वयन गर्ने क्रममा नतिजा प्रकाशन गर्न ढिलाई हुन गएको आधारमा मात्र निवेदकहरुको हक हनन् भएको भन्न मिल्दैन। रिट निवेदन खारेज होस् भनी बहस गर्नुभयो।

यसैगरी सरोकारवाला कायम गरिपाउँ भनी उपेन्द्र शाह समेतले निवेदन दिएकोमा निवेदकहरुको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री केदार प्रसाद दाहालले निवेदकहरु लामो समयदेखि नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुहको रा.प. अनं. प्रथम श्रेणीको नायव सुब्बा पदमा कार्यरत रहनु भएको र सो पदबाट माथिल्लो पद शाखा अधिकृतमा बढुवा हुन पाउने निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० ले सुरक्षित गरेको हकमा आघात पुग्ने गरी आदेश जारी हुनु हुँदैन भनी गर्नु भएको बहस समेत सुनियो।

यसमा, लोकसेवा आयोग केन्द्रीय कार्यालयले आ.ब. २०७६/०७७ को लागि मिति २०७६।८।२५ मा विज्ञापन नं. १६६९४ देखि १६७००/०७६-७८ बाट बढुवा र खुलातर्फको लागि नेपाल प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह रा.प. तृतीय श्रेणी शाखा अधिकृत पदमा गरेको विज्ञापन अनुसार हामी निवेदकहरुले उक्त पदको लागि दरखास्त फाराम भरी परीक्षा प्रक्रियामा सहभागी भई लिखित परिक्षा उत्तीर्ण गरी सीप परीक्षा र अन्तरवार्तामा समेत सहभागी भई अन्तिम नतिजाको प्रतिक्षामा थियौं। उक्त विज्ञापन अनुसार बढुवा तर्फको प्रक्रिया पुरा भई मिति २०७७/३।९ मा नियुक्ति समेत पाइसक्नु भएको छ। सोही अवस्थामा नेपालको संविधान तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन प्रक्रियामा समावेश भई कानून बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु मध्ये अनुज घिमिरे समेतले संघको दरबन्दी लुकाई आफुहरुलाई प्रदेश र स्थानीय तहमा समायोजन गरी संघको दरबन्दीमा लोक सेवा आयोगले विज्ञापन गरेकोले आफूलाई प्रदेश र स्थानीय तहमा गरेको समायोजनको निर्णय बदर गरी संघमा समायोजन गरी पाउँ भनी दायर गरेको रिट नं. ०७७-WO-०५४७ मा मिति २०७८।४।२५ मा निवेदकहरु समेतलाई संघको दरबन्दीमा समायोजन गर्ने कारवाही अगाडि बढाउनु भनी जारी भएको अन्तरिम आदेशका आधारमा लोक सेवा आयोग ऐन, नियम, कार्यविधि र निर्देशिका समेतले रोक्न नमिल्ने उल्लिखित विज्ञापनको अन्तिम नतिजा प्रकाशनको कार्य प्रत्यर्थी लोक सेवा आयोगले रोकेकोले उल्लिखित अन्तरिम आदेश कार्यान्वयन गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७८।४।२९ र २०७८।५।३ मा भएका टिप्पणी आदेश र निर्णय तथा मिति २०७८।५।८ मा लोक सेवा आयोगमा गरिएको पत्राचार लगायतका सो सँग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी उक्त विज्ञापन अनुसारको सिट

संख्या कटौती नगरी प्रकाशित विज्ञापन अनुसारकै सिट संख्यामा सिफारिस गर्न अन्तिम नतिजा प्रकाशित गर्नू भनी परमादेश समेत जारी गरी पाउँ भन्ने मुख्य निवेदन दावी रहेको देखियो। प्रत्यर्थीहरुको तर्फबाट पेश भएको लिखित जवाफ हेर्दा रिट निवेदक अनुज घिमिरे समेत भएको रिट नं. ०७७-WO-०५४७ मा सर्वोच्च अदालतबाट मिति २०७८।४।२५ मा जारी भएको अन्तरिम आदेश कार्यान्वयन गर्ने सिलसिलामा अर्को आदेश नभइञ्जेल उक्त विज्ञापन अनुसारको अन्तिम नतिजा प्रकाशन स्थगित गर्ने निर्णय गरिएको हो । रिट नं. ०७७-WO-०५४७ मा न्याय निरुपण गर्ने सिलसिलामा अन्यथा आदेश भई आएमा सोही बमोजिम हुने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोरा उल्लेख भएको पाइयो।

उपरोक्तानुसारको निवेदन तथा लिखित जवाफ व्यहोरा हेरी दुबै पक्षको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको तर्कपूर्ण बहस बुँदा मनन गरी हेर्दा मुलतः निवेदन माग बमोजिमको कुनै आदेश जारी हुनु पर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

अब निर्णयतर्फ विचार गर्दा, प्रत्यर्थी मध्येको लोक सेवा आयोग केन्द्रीय कार्यालयले मिति २०७६।८।२५ मा १६६९४ देखि १६७००/०७६-०७७ सम्मका विज्ञापन नम्बरबाट नेपाल प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, रा.प. तृतीय श्रेणी शाखा अधिकृत पदको लागि विज्ञापन गरेकोमा बढुवातर्फको नियुक्ति तथा पदस्थापन भइसकेको र खुला तर्फका उम्मेदवार यी रिट निवेदकहरुले लोक सेवा आयोगद्वारा निर्धारित पहिलो र दोश्रो चरणको लिखित परीक्षा उत्तीर्ण गरी अन्तिम चरणको सूचना प्रविधि सीप परीक्षण, सामूहिक छलफल र अन्तरवार्ता समेतका प्रक्रियामा सहभागी भई अन्तिम नतिजाको प्रतिक्षामा रहेको तथ्यमा विवाद भएन। उक्त तथ्यलाई प्रत्यर्थीहरुले समेत अन्यथा भन्न सकेको देखिँदैन।

सोही अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन गरिएका अनुज घिमिरे समेतका कर्मचारीहरुले कर्मचारी समायोजनका लागि प्रकाशित सूचनामा संघमा समायोजन हुन प्राथमिकता तोकी दरखास्त दिएको र संघमा दरबन्दी हुँदाहुँदै संघको दरबन्दी लुकाई संघमा दरबन्दी नभएको भनी आफूहरुलाई प्रदेश र स्थानीय तहमा समायोजन गरेको, उक्त तथ्य लोक सेवा आयोगबाट आ.ब. २०७६/०७७ र २०७७।०७८ मा नयाँ पदपूर्तिको लागि मिति २०७६।८।२५ र २०७७।८।२४ मा प्रकाशित गरेका

विज्ञापनमा माग गरिएको संख्याबाट स्थापित हुन्छ। तसर्थ आफूहरुलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्ने उल्लिखित निर्णय र लोक सेवा आयोगका विज्ञापन समेत बदर गरी आफूहरुलाई संघको दरबन्दीमा समायोजन गरी बाँकी रहेको पदमा मात्र नयाँ विज्ञापनबाट पदपूर्ति गरिपाउँ भन्ने माग गरी यस अदालतमा दायर गरेको यसै लगाउको ०७७-WO-०५४७ (०७८-WF-००२०) को रिट निवेदनमा यस अदालतबाट मिति २०७८।४।२५ मा "**निवेदकहरुलाई संघमा समायोजन नगरी प्रदेश तथा स्थानीय तहका पदहरुमा समायोजन गरी २०७६ मार्ग र २०७७ मार्गमा ५६० र ११४ रिक्त पदमा लोक सेवा आयोगबाट पदपूर्ति गर्ने गरी खुला विज्ञापन गरेको छ। संघमा पदहरु रिक्त हुँदा पनि यी निवेदकहरुलाई ऐन बमोजिम समायोजन नगरी ती पदमा खुला विज्ञापनबाट पदपूर्ति गरिंदा निवेदकहरु भन्दा पछि नियुक्त हुने व्यक्ति वरिष्ठ हुने र संघमा रहने अवस्था हुँदा समानता र प्रशासनिक न्यायको रोहमा पनि ऐनसम्मत भएको नदेखिएको, यसै अदालतबाट रिट नं. ०७७-WO-००२७ तथा रिट नं. ०७६-WO-०३१० मा भएको व्याख्या तथा निवेदकलाई पुग्न जाने अपुरणीय क्षति एवम् सुविधाको सन्तुलन समेतको आधार कारणबाट प्रत्यर्थी लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनका पदहरु संघका मध्ये प्रस्तुत मुद्दाको टुङ्गो नभएसम्म यी निवेदकहरु जतिको पदसंख्यामा पदपूर्ति नगरी सो पदमा यी निवेदकहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ मा उल्लेखित मापदण्डहरु समेतलाई बिचार गरी संघमा समायोजन गर्ने कारवाही गर्न गराउन**" भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१) बमोजिम अन्तरिम आदेश जारी भएको देखियो।

उक्त अन्तरिम आदेश कार्यान्वयन गर्ने क्रममा प्रत्यर्थी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७८।४।२९ मा "लोक सेवा आयोगबाट प्रकाशित पदहरुमध्ये निवेदकहरु जतिको संख्यामा पदपूर्ति नगर्ने सम्बन्धमा उल्लिखित रिट निवेदनमा लोक सेवा आयोगलाई समेत विपक्षी बनाएको देखिंदा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश बमोजिमको आवश्यक व्यवस्थाको लागि आयोगमा अनुरोध गरी पठाउने, प्रस्तुत रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट अन्तिम फैसला भएपश्चात सोही बमोजिम गर्ने गरी यस अघि लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनका पदहरुमध्ये रिट निवेदकहरु बराबरको चौतिस पदसंख्यामा पदपूर्ति नगर्दा रिक्त कायम हुने संघको दरबन्दीमा निजहरुको समायोजन गरी कामकाज गर्न खटाउने" भनी उठेका टिप्पणी मिति २०७८।५।३ मा सदर निर्णय भै सो

बमोजिम मिति २०७८।५।८ मा लोक सेवा आयोगलाई पत्राचार गरेको र प्रत्यर्थी आयोगले पनि तदनुरुप नै उल्लिखित विज्ञापनको अन्तिम नतिजा प्रकाशन र सिफारिस गर्ने कार्य स्थगित गरेको देखिन आउँछ।

माथि उल्लिखित निवेदक अनुज घिमिरे समेत भएको ०७७-WO-०५४७ को रिट निवेदनमा निवेदकहरुले उठाएका प्रश्नका सम्बन्धमा आज यसै इजलासबाट आदेश भएको लगाउमा रहेको अरु रिट निवेदनमा विस्तृत चर्चा भैसकेकोले प्रस्तुत निवेदनको रोहबाट त्यसतर्फ विचार गरी रहनु परेन। लोक सेवा आयोगबाट प्रकाशित सूचना बमोजिम माग गरिएको विज्ञापन अनुसारका पद संख्या बमोजिम पदपूर्ति प्रक्रिया लगायत विज्ञापनको अन्तिम नतिजा स्थगन भएको हदसम्म प्रस्तुत निवेदनबाट बोल्नु पर्ने देखिन आयो।

राज्यका तर्फबाट नागरिकलाई प्रभावकारी सेवा सुविधा प्रवाह गर्न निष्पक्ष र सक्षम प्रशासन संयन्त्र निर्माणको लागि उपयुक्त कर्मचारीको छनौट गरी सिफारिस गर्न स्वतन्त्र निकायको रुपमा लोक सेवा आयोगको स्थापना भएको पाइन्छ। लोक सेवा आयोगले विभिन्न समयका संविधान एवम् कानूनले सुम्पेको जिम्मेवारी अनुसार स्थापनाको सुरुवाती चरणदेखि नै स्वतन्त्र, निष्पक्ष र तटस्थ भै कार्य सम्पादन गर्दै आएको हुनाले नै आयोग एक विश्वसनीय संस्थाको रुपमा रहेको पाइन्छ। विगतमा पञ्चायती व्यवस्था अन्तर्गत समेत लोक सेवा आयोगले आफ्नो निष्पक्षता कायम राखी जिम्मेवारी निर्वाह गरेकै कारण आयोग प्रतिको विश्वसनीयता उचो भएको र कर्मचारी प्रशासनमा योग्यता प्रणाली संस्थागत हुन सकेको यथार्थ बोधगम्य छ। नेपालको संविधानको धारा २४२ ले लोक सेवा आयोगको गठन सम्बन्धी व्यवस्था गरी ऐ. धारा २४३ मा यसको काम, कर्तव्य र अधिकारको उल्लेख गरेको छ। धारा २४३ को उपधारा (१) मा *"निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ"* भन्ने देखिंदा आयोगको मुख्य दायित्व निजामती सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने नै हो भन्ने देखिन आउँछ।

अब लोक सेवा आयोगले अवलम्बन गरेको परीक्षा तथा पदपूर्ति सम्बन्धी प्रक्रिया हेर्दा निजामती सेवा ऐन, २०४९ को दफा ७क मा सेवाका कुनै पद रिक्त भएमा सो को सूचना एक महिना भित्र लोक सेवा आयोगलाई दिनुपर्ने, त्यसरी आएका पदहरुको विवरण प्रत्येक वर्ष

श्रावण महिना भित्र सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने र पदपूर्तिको लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र चालु आर्थिक बर्षमा रिक्त हुने पद समेत एकिन गरी माग गर्न सकिने व्यवस्था देखिन्छ। त्यसरी रिक्त भएका पदहरु मध्ये ऐनको दफा ७(१) ले निर्धारण गरे बमोजिम कायम हुन आउने संख्या ऐ. दफा ७(१ख) बमोजिम पदपूर्तिका लागि विज्ञापन प्रकाशित गर्नुपर्ने देखिन आउँछ। त्यसैगरी दफा ८(१) मा *"खुला प्रतियोगिता वा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ"* भन्ने व्यवस्था गरी खुला तथा आन्तरिक प्रतियोगिताका आधारमा पूर्ति हुने निजामती सेवाको पदमा लोक सेवा आयोगको सिफारिसमा मात्र पदपूर्ति हुने कुराको सुनिश्चितता गरेको देखिन्छ। यसका साथै निजामती सेवा नियमावली, २०५० को नियम १३ मा कुनै नयाँ पद सृजना भएमा वा कुनै तरिकाबाट पद रिक्त भएमा सात दिनभित्र सामान्य प्रशासन मन्त्रालयले पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गरी पठाउनु पर्नेछ भन्ने व्यवस्था देखिन्छ। यसबाट लोक सेवा आयोगको सिफारिस विना निजामती सेवाका कुनै पनि पदमा स्थायी नियुक्ति हुन नसक्ने र स्थायी नियुक्तिका लागि आयोगको सिफारिस अनिवार्य गरेको देखिन्छ। लोक सेवा आयोग ऐन, २०६६ को दफा २४ ले निजामती सेवाको रिक्त पद पूर्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्न (क) लिखित परीक्षा (ख) प्रयोगात्मक परीक्षा (ग) अन्तरवार्ता र (घ) आयोगले समय समयमा तोकेका अन्य तरिकाहरु मध्ये कुनै एक वा एक भन्दा बढी परीक्षाका तरिका अवलम्बन गर्न सक्ने देखिन्छ। आयोगले प्रस्तुत निवेदनमा उल्लेख भएका विज्ञापनहरुमा प्रथम र द्वितीय चरणका लिखित परीक्षा, सूचना प्रविधि सिप परीक्षण र सामुहिक छलफल तथा अन्तरवार्ता समेतका परीक्षा विधि अवलम्बन गरेको देखिन आउँछ।

यसरी विभिन्न चरणका परीक्षा सञ्चालन भैसकेको अवस्थामा आफूले प्रकाशन गरेको विज्ञापन रद्द गर्ने वा निर्धारित पद संख्या हेरफेर गर्ने सम्बन्धमा आयोगलाई कानूनले अधिकार प्रदान गरेको देखिएन। आयोगले पदपूर्तिका लागि गरेको विज्ञापन वा परीक्षा रद्द हुन सक्ने सम्बन्धी कानूनी व्यवस्था हेर्दा लोक सेवा आयोग ऐन, २०६६ को दफा २८ मा पदपूर्तिको विज्ञापन वा परीक्षा रद्द गर्न सक्ने शीर्षक अन्तर्गत उपदफा (१) मा ***"आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगावै अख्तियारवालाले सो विज्ञापन रद्द गरिदिन कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो***

*विज्ञापन रद्द गर्न सक्नेछ"* भन्ने र ऐ. उपदफा (२) मा *"आयोगले सञ्चालन गरेको परीक्षाको कुनै परीक्षा केन्द्रमा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरुपले परीक्षा सञ्चालन हुन नसकेमा आयोगले कारण जनाई सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको आंशिक वा सम्पूर्ण परीक्षा रद्द गर्न सक्नेछ"* भन्ने व्यवस्था देखिन आउँछ। उल्लिखित कानूनी व्यवस्थाबाट लोक सेवा आयोगले प्रकाशन गरेको विज्ञापन रद्द हुनको लागि त्यस्तो विज्ञापन अनुसारको परीक्षा सञ्चालन हुनुभन्दा अगावै सम्बन्धित अख्तियारवालाले सो पद आवश्यक नभएको भनी सो विज्ञापन रद्द गरिदिन कारण सहित लिखित अनुरोध गरेको अवस्थामा मात्र आयोगले त्यस्तो विज्ञापन रद्द गर्न सक्ने एवं आयोगले सञ्चालन गरेको परीक्षा केन्द्रमा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरुपले परीक्षा सञ्चालन हुन नसकेको अवस्थामा आयोगले कारण जनाई सो दिनको परीक्षा आंशिक वा पूर्ण रुपमा रद्द गर्न सक्ने व्यवस्था देखिन्छ। उल्लिखित पूर्वावस्थाको विद्यमानता भएको स्थितिमा बाहेक अन्य अवस्थामा आयोगको विज्ञापन वा परीक्षा रद्द हुन वा अन्य कुनै व्यहोराले निजामती सेवाका पदमा नियुक्तिका लागि गरिने सिफारिस प्रक्रिया प्रभावित हुन सक्ने अवस्था देखिँदैन।

यसैगरी लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को दफा ९ मा आयोगले पुनः पदसंख्या निर्धारण गर्न सक्ने सम्बन्धी व्यवस्था गरेको पाईन्छ। जस अनुसार एकपटक पदसंख्या निर्धारण गरी विज्ञापन प्रकाशित भैसकेपछि देहायको अवस्था पर्न आएमा त्यस्तो पदको समेत पुनः पदसंख्या निर्धारण गर्नु पर्ने व्यवस्था देखिन्छः- (क) दरखास्त नै नपरेको, (ख) परीक्षामा कुनै पनि उम्मेदवार उपस्थित नभएको, (ग) लिखित परीक्षामा कुनै उम्मेदवार उत्तीर्ण हुन नसकेको, (घ) आवश्यक संख्यामा उम्मेदवार सिफारिस नभएको, (ङ) पदपूर्तिको लागि सिफारिस भएको तर सम्बन्धित उम्मेदवारले नियुक्ति नलिएको र सो पदमा सिफारिस गर्न वैकल्पिक उम्मेदवार पनि नभएको, (च) अदालतको आदेश वा अन्य कुनै कारणले विज्ञापन रद्द वा खारेज भएको। उल्लिखित अवस्था बाहेक अन्य अवस्थामा विज्ञापित पदको पदसंख्या निर्धारण गर्न सकिने देखिएन। प्रस्तुत मुद्दामा सो बमोजिमका कुनै आधार अवस्था नदेखिँदा विज्ञापित पद संख्या पुनः निर्धारण गर्नुपर्ने कानूनसम्मत आधार देखिन आउँदैन। अपितु, लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को दफा ९(२) ले अन्तिम परीक्षा सम्पन्न भएको ५ दिनभित्र योग्यताक्रमको सूची प्रकाशन गर्नुपर्ने बाध्यात्मक

व्यवस्था गरेको देखिँदा अन्तिम चरणको परीक्षा र अन्तरवार्ता समेत भैसकेको विज्ञापन वा सूचना बमोजिमको पदपूर्ति प्रक्रिया रद्द वा परिवर्तन गर्न सक्ने कुनै कानून बमोजिमको आधार अवस्था देखिँदैन।

लोक सेवा आयोगले विज्ञापन बमोजिमको पद संख्यामा सिफारिस नगरी उक्त पद संख्या कटौती गर्ने उद्देश्यले रिट नं. ०७७-WO-०५४७ का रिट निवेदक अनुज घिमिरे समेतका ३४ जनालाई संघको पदमा समायोजन गरेको भन्ने निवेदन दावीका सम्बन्धमा हेर्दा प्रस्तुत रिट निवेदनका निवेदकहरु प्रत्यर्थी लोक सेवा आयोगले मिति २०७६/८/२५ मा प्रकाशन गरेका विज्ञापन नं. १६६९४ देखि १६७००/०७६-०७७ को नेपाल प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समुह, रा.प.तृतीय श्रेणीको शाखा अधिकृत पदको लागि दरखास्त दिई आयोगले मिति २०७६/१०/२५ मा लिएको पहिलो चरणको र मिति २०७७/९/२१ देखि ऐ. २३ गतेसम्म लिएको दोस्रो चरणको लिखित परीक्षामा उत्तीर्ण भई मिति २०७८/४/१९ देखि ऐ. २५ गतेसम्म लिएको तेस्रो चरणको सूचना प्रविधि सीप परीक्षण र मिति २०७८/४/२० देखि २०७८/५/८ सम्म लिएको सामुहिक छलफल र अन्तरवार्तामा समेत सहभागी भै अन्तिम नतिजा प्रकाशनका लागि प्रतीक्षारत रहेको अवस्था छ। सोही अवस्थामा रिट निवेदक अनुज घिमिरेसमेत भएको रिट नं. ०७७-WO-०५४७ मा यस अदालतबाट मिति २०७८/४/२५ मा भएको अन्तरिम आदेश कार्यान्वयन गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/५/३ को निर्णय बमोजिम लोक सेवा आयोगले अन्तिम चरणको नतिजा प्रकाशन नगरी तत्काल यथास्थितिमा राखेको अवस्था देखियो।

उल्लिखित ०७७-WO-०५४७ लगायतका रिट निवेदनमा यस अदालतबाट अन्तरिम आदेश जारी हुँदा सो मुद्दामा निवेदकहरुलाई समेत संघमा समायोजन गर्ने कारवाही गर्न गराउन भन्ने सम्म उल्लेख भएको देखिए तापनि उक्त आदेशमा विभिन्न चरणको परीक्षा सञ्चालन भै अन्तिम नतिजा प्रकाशन गर्ने चरणमा पुगेका यी निवेदकहरु संलग्न विज्ञापनको नतिजा प्रकाशन गर्ने कार्य रोक्का गर्नुपर्ने भन्नेसम्मको व्यहोरा उल्लेख भएको देखिँदैन। यस अदालतबाट जारी भएको अन्तरिम आदेश कार्यान्वयन गर्नुपर्ने दायित्व प्रत्यर्थी मन्त्रालयको हुने भएतापनि सो मन्त्रालयले आयोगले सञ्चालन गरेको पदपूर्ति सम्बन्धी परीक्षाको नतिजा प्रकाशन कार्य प्रभावित नहुने गरी वैकल्पिक उपायहरु पहिचान गर्ने तर्फ नलागी एक स्वतन्त्र संवैधानिक निकायले

आफ्नो संवैधानिक जिम्मेवारी अनुरुप सञ्चालन गरेको परीक्षाको नतिजा स्थगित गर्न लेखी पठाउने र सोही आधारमा लोक सेवा आयोगले समेत आफूले प्रकाशन गरेको विज्ञापन अनुसारको नतिजा प्रकाशन गर्ने कार्य स्थगन गरेबाट लोक सेवा आयोग आफ्नो संवैधानिक दायित्व परिपालन गर्नबाट वञ्चित भएको अवस्था देखिन आयो।

वस्तुतः कुनै पनि देशको निजामती सेवालाई स्थायी सरकारको रुपमा स्वीकार गरिएको हुन्छ। राजनैतिक तवरले निर्वाचित सरकार निश्चित समयमा परिवर्तन भै रहन्छ । तर निजामती कर्मचारीहरु कानूनद्वारा निर्धारित प्रक्रियाद्वारा नियुक्त हुने, निश्चित उमेर वा सेवा अवधिसम्म सेवामा रहने र दलगत वा राजनैतिक क्रियाकलापबाट तटस्थ रहने भएकोले निजामती सेवालाई स्थायी सरकारको रुपमा स्वीकार गरिएको हो। निजामती सेवा देशको शासन सञ्चालनको मुख्य अङ्ग हो। यसको राम्रो वा नराम्रो क्रियाकलापले समग्र शासन सञ्चालनमा गम्भीर असर पर्ने भएकोले निजामती कर्मचारीको छनौट, नियुक्ति, बढुवा लगायतका क्रियाकलापमा कुनै किसिमको अनुचित प्रभाव पर्न नदिन र योग्यता प्रणाली (Meritocracy) लाई कायम राख्ने उद्देश्यले निजामती सेवाको छनौटका लागि एक निश्पक्ष र स्वतन्त्र संवैधानिक निकायका रुपमा लोक सेवा आयोगको व्यवस्था गरिएको बोधगम्य छ। नेपालको निजामती सेवाको सुरुवातीकाल देखि नै योग्यता प्रणालीको संरक्षण र सम्बर्द्धन गर्नमा आयोगले मुख्य भूमिका निर्वाह गर्दै आएको देखिन्छ। आयोगको परीक्षा प्रणाली मर्यादित र विश्वसनीय बनाउने सम्बन्धमा आयोगलाई प्राप्त पाठ्यक्रम निर्धारण, परीक्षाको किसिम तय गर्ने जस्ता स्वायत्तता र अन्य कार्यविधि निर्धारण गर्न पाउने अख्तियारीका कारण नै आयोग विश्वसनीय संस्था बन्न र निजामती सेवामा योग्यता प्रणाली कायम रहन सकेको हो। स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाह हुनुपर्ने आयोगको संवैधानिक जिम्मेवारी कतैबाट प्रभावित हुन गएमा आयोगले सम्बर्द्धन गरेको योग्यता प्रणाली परास्त हुने र मुलुकका योग्य र क्षमतावान प्रतिभाहरुको लोक सेवा आयोग प्रतिको आकर्षण र विश्वास धुमिल हुन जाने तर्फ सम्बन्धित सबै निकाय सजग रहन आवश्यक देखिन्छ।

उल्लिखित पृष्ठभूमि तथा लोक सेवा आयोग सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था समेतका सन्दर्भमा आयोगले प्रकाशन गरेका विज्ञापनमा विभिन्न चरणका परीक्षाहरु उत्तीर्ण गरी अन्तिम नतिजा प्रकाशनको चरणमा रहेका निवेदकहरुको योग्यताक्रम कानूनले तोकेको अवधि

भित्र सिफारिस गर्नु पर्नेमा सो नगरी निवेदकहरुको वैधानिक अपेक्षा समेतको विपरित विज्ञापन बमोजिमको परीक्षाको अन्तिम नतिजा प्रकाशन गर्न रोक लगाउने काम कारवाहीलाई संविधान र कानूनसम्मत भन्न मिल्ने देखिएन।

जहाँसम्म रिट नं. ०७७-WO-०५४७ को रिट निवेदनमा यस अदालतबाट मिति २०७८/४/२५ मा जारी अन्तरिम आदेश कार्यान्वयनका क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७८/५/३ मा निर्णय भई लोक सेवा आयोगमा गरिएको पत्राचार अनुसार उक्त विज्ञापन अनुसारको अन्तिम नतिजा प्रकाशन हुन रोकिएको सवाल छ, आज यसै इजलासबाट उक्त अन्तरिम आदेश जारी भएको उल्लिखित रिट निवेदन लगायत लगाउका रिट निवेदनहरु समेत खारेज हुने ठहरी फैसला भएको र रिट निवेदन खारेज भएको अवस्थामा अन्तरिम आदेश समेत स्वतः निष्कृय हुने भएकाले उक्त विज्ञापन अनुसार सञ्चालित परीक्षाको अन्तिम नतिजा तथा योग्यताक्रमको सूची प्रकाशनमा बाधा हुने अवस्था देखिएन।

तसर्थ, उल्लिखित तथ्य, आधार, कारण एवम् कानूनी व्यवस्था समेतका आधारमा विभिन्न चरणको परीक्षा सञ्चालन भैसकेको अवस्थामा आयोगले विज्ञापन वा परीक्षा रद्द गर्न तथा विज्ञापन गरिएको पद संख्यामा हेरफेर गर्न सक्ने कानूनी व्यवस्था देखिन नआएको र जुन रिट निवेदनमा यस अदालतबाट अन्तरिम आदेश जारी भई सो आदेशका आधारमा निवेदकहरुको अन्तिम नतिजा प्रकाशनको कार्य स्थगित गर्ने निर्णय भएको हो ती निवेदनहरु नै खारेज हुने ठहरी आज यसै इजलासबाट फैसला भएको एवं आयोगद्वारा सञ्चालित उल्लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशनको कार्य रोक्ता गर्नुपर्ने कुनै कानूनसम्मत आधार कारण समेत देखिन नआएकोले निवेदकहरु संलग्न भएको लोक सेवा आयोग केन्द्रीय कार्यालयबाट मिति २०७६/८/२५ मा प्रकाशित विज्ञापन नं. १६६९४ देखि १६७००/०७६-७७ सम्मका विज्ञापनको अन्तिम नतिजा प्रकाशन रोक्न प्रत्यर्थी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७८/४/२९ मा टिप्पणी पेश भई मिति २०७८/५/३ मा लोक सेवा आयोगमा लेखि पठाउने भनी भएको निर्णय र सोही आधारमा मिति २०७८/५/८ मा लोक सेवा आयोगमा गरिएको पत्राचार तथा तदनुरुप लोक सेवा आयोगबाट विज्ञापित पदको अन्तिम नतिजा तथा योग्यताक्रमको सूची प्रकाशन रोक्ने सम्बन्धमा भएका निर्णय एवम् काम कारवाही उत्प्रेषणको आदेशले बदर हुने र यसै लगाउका उल्लेखित रिट निवेदन लगायतका निवेदनमा

भएका आदेशका आधारमा स्थगित गरिएका विज्ञापनहरुको परीक्षाफल प्रकाशन गर्ने समेतका कार्यहरु यथाशीघ्र गर्नू गराउनू भनी प्रत्यर्थी लोक सेवा आयोगका नाउँमा परमादेश समेत जारी हुने ठहर्छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिनू। प्रस्तुत आदेशको प्रति विद्युतीय प्रणालीमा अपलोड गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

(नहकुल सुवेदी)

उक्त रायमा हामी सहमत छौं ।

न्यायाधीश

(सपना प्रधान मल्ल)

न्यायाधीश

(आनन्दमोहन भट्टराई)

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल/सदिक्षा नेपाल

इति संवत् २०७८ साल माघ १२ गते रोज ४ शुभम्--------------------।